अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ७    प्रमाणिकरण मितिः २०८०/०२/२६    प्रकाशन मितिः २०८०/०२/२८

## भाग-२

## सामुदायिक क्याम्पसलाई शिक्षण अनुदान कार्यविधि, २०८०

**प्रस्तावना :** भजनी नगरपालिका क्षेत्रभित्र रहेका सामुदायीक स्तरबाट संचालित क्याम्पसहरुको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार गरी यस क्षेत्रका युवा युवतीहरुलाई उच्च शिक्षामा पहुँच पुर्याउने एवम् नगरपालिकाको आर्थिक सहयोगलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, भजनी नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम भजनी नगरपालिका, नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद– १
### संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधिको नाम "सामुदायिक क्याम्पसलाई शिक्षण अनुदान कार्यविधि २०८०" रहेको छ ।

(ख) यो कार्यविधि भजनी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(ग) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"नगरपालिका"** भन्नाले भजनी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले भजनी नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"नगर प्रमुख"** भन्नाले भजनी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) **"नगर उपप्रमुख"** भन्नाले भजनी नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **"क्याम्पस"** भन्नाले नेपालको प्रचलित कानुन बमोजिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी भजनी नगरपालिका क्षेत्रमा संचालित सामुदायिक क्याम्पसलाई सम्झनु पर्छ ।

(छ) **"विद्यार्थी संख्या"** भन्नाले क्याम्पसमा भर्ना भइ अध्ययनरत विद्यार्थी संख्यालाई सम्झनु पर्दछ ।

(ज) **"नतिजा"** भन्नाले सम्बन्धित विश्वविद्यालयले प्रकाशित गरेको विद्यार्थीको परीक्षा नतिजा सम्झनु पर्दछ ।

(झ) **"प्राध्यापक र कर्मचारी"** भन्नाले कानुन बमोजिम क्याम्पसमा कार्यरत प्राध्यापक र कर्मचारीलाई सम्झनु पर्दछ ।

(ट) **"क्याम्पस संचालक समिति"** भन्नाले क्याम्पसको प्रचलित नियमानुसार गठित संचालक समितिलाई सम्झिनु पर्दछ ।

(ठ) **"प्राध्यापक"** भन्नाले क्याम्पसमा अध्यापनरत स्थायी, अस्थाई, करार वा आंशिक शिक्षकलाई समेतलाई सम्झनु पर्दछ ।

(ड) **"कर्मचारी"** भन्नाले सामुदायिक क्याम्पसमा नियमानुसार नियुक्त भएका कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## शिक्षण अनुदान रकम का मापदण्डहरु

३. नगर सभाबाट स्वीकृत क्याम्पस शिक्षण अनुदान रकम कार्यान्यवनका लागि नगरपालिकाले सार्बजनिक सुचना प्रकाशन गर्नुपर्नेछ ।

४. दफा ३ बमोजिम प्रकाशित सुचना अनुसार क्याम्पस शिक्षण अनुदान रकम लिन चाहने क्याम्पसले तहगत र संकायगत नतिजा, अघिल्लो आर्थिक वर्षमा निकाशा भएको शिक्षण अनुदान रकमको तलवी भर्पाइ तथा विलहरुको प्रमाणित प्रतिलिपी, क्याम्पस संचालन समितिको निर्णय सहित नगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।तर अघिल्लो आर्थिक वर्षमा शिक्षण अनुदान रकम निकासा नभएको अवस्थामा अघिल्लो आ.ब.को शिक्षण अनुदान रकमको तलवी भर्पाइ तथा विलहरुको आवश्यकता पर्ने छैन ।

५. नगरपालिकाले क्याम्पस शिक्षाका लागि विनियोजन गरिएको रकम क्याम्पसको बैंक खातामा निकासा पठाउने छ ।

६. नगरपालिका भित्र संचालित क्याम्पसहरुमा गरिब तथा सामान्य आर्थिक अवस्थाका जनजाति तथा दलित विद्यार्थीको बाहुल्यता रहेकोले उनीहरुको उच्च शिक्षा प्राप्त गर्ने अभिलाषालाई पुरा गर्न नगरपालिकाले अनुदान कार्यक्रमलाई निरन्तरता दिन सक्नेछ ।

७. नगरपालिका भित्रका वडा कार्यालयहरूले पनि यसै कार्यविधिका आधारमा सामुदायिक क्याम्पस शिक्षण अनुदान रकम दिन सक्ने छन् ।

८. नगर शिक्षा समितिले क्याम्पसलाई दिने शिक्षण अनुदान रकम तथा अन्य विकास योजना संचालन गर्न रकम विनियोजनका लागी नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

१०. अनुदान रकमलाई क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीको तलब भत्ता, शैक्षिक गुणस्तर वृद्धि, पुस्तकालय, खेलमैदान, पूर्वाधार बिकास, छात्रवृति र व्यवस्थापन लगायतका कार्यमा खर्च गर्न सकिनेछ ।

११. शिक्षण अनुदान बापत प्राप्त रकमलाई दफा १०को क्षेत्र भित्र रही क्याम्पस संचालक समितिले कुल रकमको बढीमा ६०% प्राध्यापक तथा कर्मचारीको पारिश्रमिकमा, १०% पूर्वाधारमा, १०% शैक्षिक व्यवस्थापनमा र २०% ▯ छात्रवृतिमा खर्च गर्न सक्नेछ । पारिश्रमिक र छात्रवृतिको हकमा घटबढ नहुने गरी अन्य क्षेत्रमा ५०% सम्म रकम थपघट गर्न सकिनेछ| त्रिभुवन विश्वविद्यालय, प्राध्यापकको सेवा, शर्त, सुबिधा सम्बन्धि प्रचलित कानुनको परिधि भित्र रही क्याम्पस प्रशासनले कार्यविधि स्वीकृत गरी पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

१२. नगर सभाबाट विनियोजित अनुदान रकमलाई परिच्छेद २ बमोजिम दुई किस्ता गरी उपलब्ध गराइनेछ ।

१३. दोस्रो किस्ता रकम उपलब्ध गराउंदा अघिल्लो किस्ता रकमबाट खर्च भएको विबरण, अनुगमन समितिको प्रतिबेदनहरु संलग्न राख्नुपर्नेछ ।

## परिच्छेद ३

## अनुदान रकम संचालन तथा कार्यान्वयन सम्बन्धि

१४. क्याम्पस संचालक समितिले दफा ११ बमोजिमको क्षेत्रको अधिनमा रही कार्ययोजना स्वीकृत गरी संचालन गर्नुपर्नेछ| पूर्वाधार निर्माण र क्याम्पसमा आवश्यक सामानहरु खरिद गर्दा प्रचलित ऐन कानूनको पालना गर्नुपर्नेछ ।

१५. अनुदान रकमको अनुगमन तथा निरीक्षण गर्न तपसिल बमोजिमको समिति गठन गर्नु पर्नेछ ।

क) नगर प्रमुख- संयोजक

ख) नगर उप प्रमुख — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) अनुदान प्राप्त क्याम्पस संचालक समितिको अध्यक्ष —सदस्य

ङ) भजनी नगरपालिका, सामाजिक बिकास समितिको संयोजक — सदस्य

च) अनुदान प्राप्त क्याम्पसको क्याम्पस प्रमुख — सदस्य

छ) भजनी नगरपालिका शिक्षा शाखा प्रमुख — सदस्य सचिब

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

१६. शिक्षण अनुदान रकमको कार्यान्वयन भजनी नगरपालिका शिक्षा शाखाले गर्नेछ ।

## परिच्छेद ४
## विविध

१७. कार्यविधिको संशोधनः सामुदायिक क्याम्पसलाई शिक्षण अनुदान कार्यविधि २०८०मा संसोधन आवश्यकता महसुस भएको खण्डमा कार्यपालिकाबाट संसोधन गर्न सकिने छ ।

१८. बाधा अड्चन फुकाउन सक्नेः यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्चन आई परेको खण्डमा नगरपालिकाबाट त्यस्तो बाधा अड्चन फुकाउन सकिनेछ ।